नयाँ पत्रिका दैनिक २०७७/११/३ मा प्रकाशित

**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना व्यवस्थापन एकाई

**खुमलटार, ललितपुर**

## सूचना नं. १-०७७/०७८

**(प्रथम पटक प्रकाशित मितिः २०७७/११/३)**

"प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सेवा करारमा कृषि तथा पशु सेवा प्राविधिक छनौट सम्बन्धी कार्यविधि २०७६" बमोजिम गत आ.ब. मा यस परियोजना मातहतका परियोजना कार्यान्वयन एकाईहरुमा सेवा करारमा नायव प्राविधिक सहायक र नायव पशु सेवा प्राविधिक छनौट भइसकेकोमा हाल तपसिलका परियोजना कार्यान्वयन एकाईहरुमा तपसिल बमोजिम रिक्त रहेको पदमा सोही कार्यविधि बमोजिम नायव प्राविधिक सहायक र नायव पशुसेवा प्राविधिक (राजपत्र अनंकित द्वितीय श्रेणी प्रा.) पदमा **सेवा करारमा** खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले सम्वन्धित परियोजना कार्यान्वयन एकाइहरुबाट उपलब्ध दरखास्त आवेदन रितपूर्वक भरी सम्वन्धित जिल्लामा रहेका परियोजना कार्यान्वयन एकाईहरुमा तोकिएको म्याद भित्र दर्ता गराईसक्नु पर्नेछ ।

**तपसिलः-**

| क्र. सं | परियोजना कार्यान्वयन एकाई/प्राविधिक एकाई | विज्ञापन नं १-२०७७/०७८ ना.प्रा.स. (रा.प.अनं.द्वि.प्रा.) | विज्ञापन नं २-०७७/०७८ ना.प.से.प्रा. (रा.प.अनं.द्वि.प्रा.) | जम्मा रिक्त पद | क्र. सं | परियोजना कार्यान्वयन एकाई/प्राविधिक एकाई | विज्ञापन नं १-०७७/०७८ ना.प्रा.स. (रा.प.अनं.द्वि.प्रा.) | विज्ञापन नं २-०७७/०७८ ना.प.से.प्रा. (रा.प.अनं.द्वि.प्रा.) | जम्मा रिक्त पद |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | झापा | १ | - | १ | ६ | मुस्ताङ्ग | १ | - | १ |
| २ | सुनसरी | १ | १ | २ | ७ | पर्वत | १ | - | १ |
| ३ | उदयपुर | २ | - | २ | ८ | पाल्पा | १ | - | १ |
| ४ | सिरहा | १ | - | १ | ९ | कैलाली | १ | - | १ |
| ५ | तनहुँ | १ | - | १ | १० | कञ्चनपुर | १ | - | १ |

**परीक्षाको किसिम** :- लिखित र अन्तर्वार्ता ।

**परीक्षा केन्द्र** :- सम्वन्धित परियोजना कार्यान्वयन एकाईको सूचनापाटीमा प्रकाशन गरिनेछ ।

**दरखास्त दस्तुर** :- प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. ३००/- (तीन सय) बुझाउनु पर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने स्थान** :- सम्बन्धित जिल्लाको परियोजना कार्यान्वयन एकाई ।

**दरखास्त दिने अन्तिम मिति** :- मिति २०७७/११/२३ सम्म ।

**तलव सुविधा** :- नेपाल सरकारको नियमानुसार ।

**उम्मेदवारको उमेरको हद** :- मिति २०७७/११/२३ सम्म, पुरुषको हकमा १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**लिखित परीक्षा कार्यक्रम** :-

| परीक्षाको मिति र समय | नायव प्राविधिक सहायक | नायव पशु सेवा प्राविधिक |
|---|---|---|
| मिति | २०७७/११/२९ गते शनिवार | २०७७/११/२९ गते शनिवार |
| समय | विहान ११:०० बजे | विहान ११:०० बजे |

**अन्तर्वार्ता हुने मिति** :- लिखित परीक्षाको नतिजा प्रकाशित हुदाँ सूचना गरिने छ ।

**आवश्यक न्युनतम योग्यता** :-

**(क) ना.प्रा.स. (कृषि) तर्फ** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उतीर्ण गरी न्यूनतम एक वर्ष जे.टी.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई टी.एस.एल.सी. उतीर्ण भएको हुनुपर्ने ।

**(ख) ना.प.से.प्रा. (पशु सेवा) तर्फ** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उतीर्ण गरी न्यूनतम एक वर्ष जे.टी.ए. (पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी.एस.एल.सी./एस.ई.ई. उतीर्ण भाएको हुनुपर्ने ।

**पाठ्यक्रमः-**

**(क) ना.प्रा.स. (कृषि) तर्फ** :- लोकसेवा आयोगले निर्धारण गरे बमोजिमको नेपाल कृषि सेवा अन्तर्गतका प्लान्टप्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ एक्सटेन्सन, स्वायल साइन्स र एगृ. इको.एण्ड मार्केटिङ्ग समुह राजपत्र अनंकित द्वितिय श्रेणी, नायव प्राविधिक सहायक वा सो सरह पदको पाठयक्रममा आधारित हुने छ ।

**(ख) ना.प.से.प्रा. (पशु सेवा) तर्फ** :- लोकसेवा आयोगले निर्धारण गरे बमोजिमको नेपाल कृषि सेवा अन्तर्गतका फिसरिज, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समुह, राजपत्र अनङ्कित द्वितीय श्रेणी, नायव पशु सेवा प्राविधिक वा सो सरह पदको पाठक्रममा आधारित हुने छ ।

**दृष्टव्य** :-

(क) सूचनामा तोकिएको म्याद भित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत हुनेछैन ।

(ख) उम्मेदवारले दरखास्त साथ पेश गर्ने शैक्षिक योग्यता लगायतका कागजातहरु स्वयंले प्रमाणित गरेको हुनुपर्नेछ ।

(ग) लिखित परीक्षा उत्तीर्ण हुने उम्मेदवारले अन्तरवार्तामा शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव सम्बन्धी कागजात तथा अन्य कागजातको सक्कल साथ उपस्थित हुनुपर्नेछ ।

(घ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थानमा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफुले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

(ङ) करार अवधि बढीमा एक वर्षको (प्रत्येक आर्थिक वर्षको असार मसान्त सम्म) हुनेछ । सो अवधि भित्र लोकसेवा आयोग/कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्थायी कर्मचारी आएमा सेवा करारमा लिएको कर्मचारी स्वतः हट्ने छन् । कार्यसम्पादन सन्तोषजनक भएमा वा स्थायी कर्मचारी नआएको अवस्थामा परियोजना कार्यान्वयन एकाइको आवश्यकता बमोजिम सेवा करारको अवधि थप गर्न सकिने छ ।

(च) यस सूचनामा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।